स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विभिन्न विधामा कर्णाली अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको पुरस्कार प्रदान गरिएको छ। "ऊनको स्वीटर" सर्वश्रेष्ठ फिल्मसहितका सर्वाधिक विधामा विजेता घोषित भयो। सोही फिल्मबाट निर्देशक नवीन चौहान र अभिनेता विपिन कार्कीले ट्रफी उचाले। जसिता गुरुङले "जेरी अन टप"बाट सर्वश्रेष्ठ अभिनेत्रीको अवार्ड प्राप्त गरिन्। कर्णाली एडिसन अवार्ड निर्देशक राजबहादुर सानेले प्राप्त गर्दा उदीयमान निर्माता तथा वितरकको अवार्ड आशिष तामाङले प्राप्त गरे।

**आजको विचार...**



नेपालको...
(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



शुक्रबारदेखि प्रदर्शन भएको नेपाली फिल्म "काजी" ले समग्रमा सकारात्मक प्रतिक्रिया पाइरहेको छ। प्रेमकथामा आधारित फिल्मले मन छोएको प्रतिक्रिया दर्शकले दिइरहेका छन्। प्रदर्शनको पहिलो र दोस्रो दिन कलाकार विपिन कार्की, केकी अधिकारी, गरिमा शर्मा, निर्देशक लक्ष्मण रिजाल, निर्माता रामप्रसाद रिजाल लगायत काठमाडौं उपत्यका भित्र रहेका विभिन्न हलमा पुगेर दर्शकसँग प्रतिक्रिया लिएका थिए। दर्शकले फिल्ममा काजी र कजिनीको प्रेमकथालाई रुचाएका छन्।

❒ वर्ष ३१ ❒ अंक २९६ ❒ २०८३ जेठ ११ गते सोमबार 25 May 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## पालपाका स्थानीय तहको बेरुजु झण्डै १४ करोड

### बेरुजु घट्दो रहे पनि वित्तीय सुशासन अझै चुनौतीपूर्ण

रामचन्द्र रायमाझी

**पाल्पा,** जेठ १०/पालपाका स्थानीय तहले आर्थिक वर्ष २०८१/८२ मा झण्डै १४ करोड बजेट अनियमित तवरले खर्च गरेको पाइएको छ । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६३ औं वार्षिक लेखापरिक्षण प्रतिवेदन अनुसार जिल्लाका दश स्थानीय तहले १३ करोड ९६ लाख ५२ हजार अनुशासन विपरीत खर्च गरेको उल्लेख छ । यो कुल लेखापरीक्षणको ० दशमलजव ९२ प्रतिशत हो । उक्त आर्थिक वर्ष १० स्थानीय तहको १५ अर्ब २० करोड ७० लाख ९६ हजारको लेखापरीक्षण गरिएको थियो ।

अघिल्लो आव २०८०/०८१ मा २० करोड ३८ लाख ९४ हजार बेरुजु थियो । जहाँ अहिले ६ करोड ४२ लाख ४२ हजारले कम हुन आएको छ । विगतमा यहाँका स्थानीय तहको बेरुजुको अवस्था डरलाग्दो रहे पनि पछिल्ला वर्षहरुमा केही कम हुँदै गएको देखिन्छ । आर्थिक वर्ष २०७९/०८० मा २ दशमलव १८ प्रतिशत अर्थात् २७ करोड ९० लाख ९२ हजार र आव २०७८/७९ मा ४१ करोड ३३ लाख १८ बेरुजु थियो । यसले जिल्लाका स्थानीय तहको बेरुजुको अवस्थामा केही सुधार हुँदै गएको देखिन्छ । सरकारी खर्च भए पनि स्रोत प्रमाणित हुन नसकेको हिसाबलाई महालेखा परीक्षक कार्यालयले बेरुजुका रुपमा राख्ने गर्छ । कुनै पनि कार्यालयमा बेरुजु देखिनु भनेको त्यहाँ वित्तीय अनुशासन कायम हुन नसक्नु हो ।




**कुन पालिकाको कति छ बेरुजु**

महालेखा परीक्षकको ६३ औं प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी निस्दी गाउँपालिकाको बेरुजु देखिएको छ । जसको १ अर्ब ३१ करोड ३३ लाख १५ हजार लेखापरीक्षण गर्दा ३ करोड ७१ लाख ८१ हजार अर्थात् २ दशमलव ८३ प्रतिशत बेरुजु देखिएको हो । यस्तै सबैभन्दा कम तिनाउ गाउँपालिका र रैनादेवी छहरा गाउँपालिकामा देखिएको छ । तिनाउमा १ अर्ब १४ करोड ६२ लाख ३५ हजार लेखापरीक्षण गर्दा ३२ लाख ९० हजार अर्थात् ० दशमलव २९ प्रतिशत छ भने रैनादेवी छहराको १ अर्ब ५५ करोड १३ लाख ६९ हजार लेखापरीक्षण गर्दा ४५ लाख १५ हजार अर्थात् ० दशमलव २९ प्रतिशत बेरुजु देखिएको छ ।

-बाँकी अन्तिम पेजमा...

**संक्षिप्त समाचार**

## बैंकिङ कसुर मुद्दामा फरार व्यक्ति पक्राउ



रासस

**काठमाडौँ,** जेठ १०/काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले बैंकिङ कसुर मुद्दामा एक जना फरार व्यक्तिलाई पक्राउ गरी सार्वजनिक गरेको छ। पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-२२ बस्ने ५३ वर्षीय प्रणवलाल सिंह रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए । उनले भने, "जिल्ला अदालत काठमाडौँबाट उक्त मुद्दामा पक्राउ पुर्जी जारी भई फरार रहेका निज सिंहलाई हाम्रो टोलीले काठमाडौँ महानगरपालिका-१३ छाउनीबाट पक्राउ गरेको हो ।" पक्राउ परेका सिंहलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि प्रहरी वृत्त जनसेवा काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले बताए ।

## 'कार्यान्वयनमुखी बजेट ल्याउँछौं'



**दाङ,** जेठ १०/ लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनमुखी ल्याइने बताएका छन् । लुम्बिनी प्रदेशसभाको आठौँ अधिवेशन अन्तर्गत आइतबार बसेको पाँचौं बैठकमा 'लुम्बिनी प्रदेश सरकारको विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकता' माथिको छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री कार्कीले यस्तो बताएका हुन् ।

उनले पर्यटन, उद्योग र रोजगारीलाई प्राथमिकतामा राखेर कार्यक्रम ल्याइने जानकारी दिँदै पूँजी तथा प्रविधिको विस्तारमा विशेष जोड दिइने बताए । साथै कृषि क्षेत्रको आधुनिकीकरण, प्राङगारिक उत्पादन प्रवर्द्धन तथा उत्पादन विविधीकरणमार्फत रोजगारी र आयआर्जन सिर्जना गर्ने नीति सरकारले लिएको स्पष्ट पारे । बैठकको विशेष समयमा प्रदेशसभा सदस्यहरू बैजनाथ कलवार, दिल कुमारी बुढा, तारा थापा, रेवती गुरुङ, चन्द्रकेश गुप्ता, मिना बुढा मगर, शान्ति लोध, मिना कुमारी श्रेष्ठ, मधुसुदन चौधरी, सुरुल पुन र बसन्ती न्यौपानेले बजेट प्रदेशवासीको हितमा हुनुपर्ने र कार्यान्वयन हुन नसक्ने क्षेत्रमा बजेट विनियोजन गर्न नहुनेमा जोड दिएका थिए । उनीहरूले विभिन्न जनजीविकासँग सम्बन्धित विषयतर्फ आकर्षित गराउँदै सरकारको ध्यानाकर्षण गराउँदै बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिएका थिए ।

## पालपाली होजियरी उद्योगलाई इलेक्ट्रिक फ्ल्याट मेसिन हस्तान्तरण



**पाल्पा,** जेठ १०/ लुम्बिनी प्रदेश सरकारले पालपाली होजियरी उद्योगलाई इलेक्ट्रिक फ्ल्याट मेसिन हस्तान्तरण गरेको छ । स्वदेशी उत्पादन प्रवर्द्धन तथा होजियरी उद्योगको आधुनिकीकरण गर्ने उद्देश्यले आइतबार एक कार्यक्रमबीच प्रदेश सरकारका स्वास्थ्य मन्त्री खेमबहादुर सारुले उद्योगलाई सो मेसिन हस्तान्तरण गरेका हुन् ।

मेसिन हस्तान्तरण गर्दै मन्त्री सारुले प्रदेश सरकारले घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने उद्देश्यले इलेक्ट्रिक फ्ल्याट मेसिन प्रदान गरिएको बताए । उनले परम्परागत उद्योगलाई आधुनिकीकरण गर्दै स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्ने नीति अनुरूप प्रदेश सरकारले सहयोग गरेको उल्लेख गरे । आगामी दिनमा पनि साना तथा मझौला उद्योगलाई प्रविधिमैत्री बनाउने तथा उत्पादन वृद्धि र बजार विस्तारमा प्रदेश सरकारले सहयोग गर्ने समेत मन्त्री सारुले बताए । हस्तान्तरण गरिएको मेसिनले उत्पादन क्षमता वृद्धि गर्नुका साथै समय र श्रम खर्च घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको उद्योगकी अध्यक्ष भुनु बरालले बताइन् । उनले प्राप्त मेसिनले स्थानीय स्तरमा रोजगारी सिर्जना र स्वदेशी वस्तुको प्रवर्द्धनमा योगदान पुग्ने उल्लेख गरिन् । नेपाली होजियरी उद्योगलाई प्रतिस्पर्धी बनाउन आधुनिक प्रविधिको प्रयोग आवश्यक रहेको उद्योगका सल्लाहकार विष्णु बरालले बताए । उनले नयाँ मेसिनको प्रयोगबाट गुणस्तरीय उत्पादन वृद्धि भई बजार विस्तारमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे ।

(... बाँकी अन्तिम पेजमा )

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना

# सम्पादकीय

## विषालु च्याउबारे सचेतना जरूरी

वर्षायाम सुरु भएसँगै जंगली च्याउ उम्रिन थालेका छन् । हरेक वर्ष यही समयमा देशका विभिन्न ठाउँहरुमा जंगली च्याउ खाएर यति जनाको ज्यान गयो, यति विरामी भए भन्ने समाचारहरु आउने गर्छन् । यस पटक पनि पाल्पामा जंगलबाट ल्याएको विषालु च्याउ खाएर तीन जनाको ज्यान गएको छ भने दर्जा भन्दा बढी विरामी परेका छन् । पाल्पाको रम्भा गाउँपालिका–५ फलकुन की ६६ वर्षीया विनिमाया कामु मगर, सोही ठाउँकी ३५ वर्षीया बालकुमारी खाम्चा र तानसेन नगरपालिका–८, मदनपोखरा कोकलका ८ वर्षीय अनुप रानाको मृत्यु भएको छ । जङ्गली च्याउ खाएर विरामी परेका उनीहरुको उपचारका क्रममा तानसेनस्थित युनाइटेड मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा मृत्यु भएको थियो । तानसेन, निस्दी र माथागढीमा पनि विषालु च्याउ खाएर १३ जना विरामी परेका छन् । उनीहरुको अहिले उपचार भइरहेको छ । जङ्गली च्याउ खाएर अकालमा ज्यान गुमाउनु एउटा परिवारको पीडा मात्र होइन समाजकै सामूहिक क्षति हो । विषालु च्याउ थोरै मात्रामा सेवन गर्दा पनि कलेजो, मिर्गौला र मस्तिष्कमा गम्भीर असर गर्छ । कतिपय अवस्थामा सधैं खाइरहने च्याउ पनि एकैपटक धेरै सेवन गर्दा विषाक्त हुने घटना देखिएको छ ।

खान हुने र नहुने च्याउ उस्तै देखिने भएकाले पहिचान गर्न कठिन हुन्छ । यही कठिनाइका कारण ग्रामीण समुदायलाई बारम्बार जोखिममा पार्ने गरेको छ । च्याउबारे परम्परागत मान्यता र भ्रम पनि मृत्युको कारण बनेका छन् । यो अत्यन्त दुखको कुरा हो । विशेष गरी जंगली च्याउ विषालु हुन्छन् । त्यस्तो च्याउ खाँदा गम्भीर बिरामी परिने र मृत्यु समेत हुन सक्दछ । मानिसले च्याउ पहिचान नै नगरी खाँदा मृत्यु समेत हुने गरेका थुप्रै घटना छन् । पकाउँदा पनि जंगली च्याउमा हुने विष कम हुँदैन । हरेक वर्ष नेपालमा विषालु च्याउ खाँदा बिरामी पर्ने र ज्यानसमेत गुमाउने घटना दोहोरिरहनु अत्यन्त चिन्ताको विषाय बनेको छ । धेरै मानिसले अनुभव, अनुमान वा अरूले खाएको आधारमा च्याउ सुरक्षित छ भन्ने विश्वास गर्छन् । तर च्याउको बाहिरी रंग, आकार वा गन्ध हेरेर मात्र विषालु वा अविषालु छुट्याउन सम्भव हुँदैन । केही विषालु च्याउ सामान्य खान योग्य च्याउसरी नै देखिने भएकाले भ्रम पैदा हुन्छ । यस्ता च्याउ सेवन गर्दा वान्ता, पखाला, पेट दुख्ने, कलेजो र मिर्गौलामा असर पर्ने तथा ज्यानसमेत जाने खतरा रहन्छ । विशेषगरी ग्रामीण क्षेत्रमा जनचेतनाको अभाव, गरिबी तथा प्राकृतिक रूपमा पाइने खानेकुराप्रतिको निर्भरता बढी भएकाले जोखिम अझ बढेको छ । यस समस्याको समाधानका लागि सर्वप्रथम जनचेतना अभिवृद्धि आवश्यक छ । स्थानीय तह, स्वास्थ्य संस्था र सञ्चारमाध्यमले विषालु च्याउको जोखिमबारे नियमित सूचना प्रवाह गर्नुपर्छ । विद्यालय तहदेखि नै सुरक्षित खाद्यबारे शिक्षा दिनु जरुरी छ । तसर्थ विषालु च्याउबाट हुने दुर्घटना रोक्न सचेतना, सावधानी र जिम्मेवार व्यवहार आजको आवश्यकता हो ।

## Opinion @ Social Network

सबै कुराको जवाफ शब्दले दिनुपर्छ भन्ने छैन...
कहिलेकाहीं मौन बस्नु नै सबैभन्दा ठूलो प्रतिक्रिया हुन्छ।
*(मिन मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Min.Magar)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको वर्तमान अर्थतन्त्र र नयाँ बजेट



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

नयाँ परिवर्तनशिल परिस्थिती, जनतामा ठूलो अपेक्षा र खासै उत्साहजनक अर्थतन्त्र नभएको अवस्थाबिच फेरि एक थान बजेटका लागि अर्थमन्त्रालय तिव्र रुपमा लागि रहेको छ भने जनता बेहग्र प्रतिक्षामा छन् । आन्तरिक आम्दानीको अवस्था बर्षौदेखि दयनिय भएको नेपालका लागि बढ्दो जनअपेक्षाबिच बजेट ल्याउनु चुनौतीको विषय बन्दै गएको देखिन्छ । बजेटले सरकारको सफलता र असफलताको विश्लेषण गर्ने परम्परा रहेकोले बढ्दो सार्वजनिक खर्च र वैदेशिक ऋणकाबिच सबै पक्षलाई सन्तुष्टि बनाउने कुरा बजेटमा समावेश गराउनका लागि विगतदेखि वर्तमान सम्मका सरकार दबाबमा रहेको देखिन्छ । यहि कारण पनि देशको अर्थतन्त्र भन्दा माथि उठेर बजेटको आकार बढाउदै लान सरकारहरु बाध्य जस्तै देखिन्छन् । यी उल्लेखित पक्षकाबिच फरक परिस्थितिमा बनेको सरकारले प्रतिकुल अर्थतन्त्र र अर्थतन्त्रका सूचकमा देखिएका समस्या समाधान गर्दै जन अपेक्षा अनुशारको बजेट ल्याउनु पर्ने देखिन्छ । यहाँ नेपालको वर्तमान अर्थतन्त्रको अवस्था , नयाँ बजेट र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

*विश्वमा पहिलो पटक बजेट प्रणालीको सुरुवात सन् १७३३ मा बेलायती अर्थमन्त्री वालपोलले शुरु गरेका थिए भने पछिल्लो समय हरेक देशहरुले यसैका माध्यम द्वारा देश भित्रका हरेक क्षेत्रका जनतालाई राज्यको स्रोत र साधनको बाँडफाड गर्ने गरेको पाईन्छ । नेपालमा यसको इतिहासलाई हेर्दा राणा शासनको अन्त्य र प्रजातन्त्रको प्राप्तिसगै वि.स. २००८ माघ २१ गते देखि औपचारीक रुपमा बजेटको सुरुवात भएको हो । प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको पालामा तत्कालीन अर्थमन्त्री सूवर्ण समशेरले पहिलो पटक संसद समक्ष ५ करोड २५ लाख २९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका थिए भने वर्तमान समयमा सार्वजनिक खर्चमा दिन प्रति दिन आकार बढ्दै गएको कारण पछिल्ला वर्ष हरुमा बजेटको आकार पनि बढ्दै गइरहेको देखिन्छ । गणतन्त्र पछि तीन तहका सरकारको परिकल्पनासँगै केन्द्रमा मात्रै निमार्ण हुने बजेट प्रदेश हुँदै स्थानीय तहसम्म पुगेको देखिन्छ । संविधानमै केन्द्र सरकारले जेष्ठ १५ गते, प्रदेशले अषाढ १ र स्थानीय तहले अषाढ १० गते बजेट प्रस्तुत गर्ने प्रावधान नै राखिएकोले आज भोली तीन तहका सरकारहरु यसैमा केन्द्रीत रहेको देखिन्छ । नेपालको वर्तमान अर्थतन्त्र : पछिल्लो समय नेपालको अर्थतन्त्र सहज स्थितिमा देखिदैन् । अर्थमन्त्री स्वर्णिम वाग्ले अर्थ समितिमा भन्दै थिए सार्वजनिक ऋण नलिए देश ठप्पै हुने अवस्था छ ।*

**बजेटको पृष्ठभूमि :**

सरकारको राजनीतिक, आर्थिक तथा सामाजिक घोषणा पत्रको रुपमा रहेको बजेट विशेषत एक आर्थिक बर्षका लागि सरकारको आयव्यय सहितको कार्यक्रमहरुको पूर्ण विवरणको रुपमा रहने गर्दछ । फ्रेन्च भाषाको दयगनभतत शब्दबाट द्ययगनभत शब्दको विकास भएको हो । विश्वमा पहिलो पटक बजेट प्रणालीको सुरुवात सन् १७३३ मा बेलायती अर्थमन्त्री वालपोलले शुरु गरेका थिए भने पछिल्लो समय हरेक देशहरुले यसैका माध्यम द्वारा देश भित्रका हरेक क्षेत्रका जनतालाई राज्यको स्रोत र साधनको बाँडफाड गर्ने गरेको पाईन्छ । नेपालमा यसको इतिहासलाई हेर्दा राणा शासनको अन्त्य र प्रजातन्त्रको प्राप्तिसंगै वि.स. २००८ माघ २१ गते देखि औपचारीक रुपमा बजेटको सुरुवात भएको हो । प्रधानमन्त्री मातृका प्रसाद कोइरालाको पालामा तत्कालीन अर्थमन्त्री सूवर्ण समशेरले पहिलो पटक संसद समक्ष ५ करोड २५ लाख २९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेका थिए भने वर्तमान समयमा सार्वजनिक खर्चमा दिन प्रति दिन आकार बढ्दै गएको कारण पछिल्ला वर्ष हरुमा बजेटको आकार पनि बढ्दै गइरहेको देखिन्छ । गणतन्त्र पछि तीन तहका सरकारको परिकल्पनासँगै केन्द्रमा मात्रै निमार्ण हुने बजेट प्रदेश हुँदै स्थानीय तहसम्म पुगेको देखिन्छ । संविधानमै केन्द्र सरकारले जेष्ठ १५ गते, प्रदेशले अषाढ १ र स्थानीय तहले अषाढ १० गते बजेट प्रस्तुत गर्ने प्रावधान नै राखिएकोले आज भोली तीन तहका सरकारहरु यसैमा केन्द्रीत रहेको देखिन्छ ।

**नेपालको वर्तमान अर्थतन्त्र :**

पछिल्लो समय नेपालको अर्थतन्त्र सहज स्थितिमा देखिदैन् । अर्थमन्त्री स्वर्णिम वाग्ले अर्थ समितिमा भन्दै थिए सार्वजनिक ऋण नलिए देश ठप्पै हुने अवस्था छ । सोहि भनाईलाई पुष्टि गर्दै सरकारले विभिन्न द्धिपक्षीय र बहुपक्षीय स्रोतबाट पछिल्लो समय ऋण लिएको देखिन्छ । बाह्र्य ऋणको अंश पनि बढ्दै गएको छ । लगाम विनाका घोडा जस्तै देखिने प्रदेश सरकार र स्थानीय सरकारले आर्थिक अनुसाशनलाई वेवास्ता गर्दै बेथिती मच्चाउदा सरकार आर्थिक पक्षमा कमजोर बन्दै गएको देखिन्छ । नेपालको कुल सार्वजनिक ऋण २९ दशमलव ७५ खर्ब पुगेको छ भने जसमा करीब ५४ प्रतिशत अंश बाह्र्य ऋणको रहेको छ । सरकारले चालु आर्थिक बर्षमा करीब १५ खर्व बराबरको राजश्व उठाउने लक्ष्य राखेको थियो तर सो लक्ष्य पुरा नहुने भन्दै अर्थ मन्त्रालयले चिन्ता व्यक्त गरेको छ । यसका साथै सार्वजनिक खर्चको अवस्था १८ खर्व बढी रकम रहेको छ । सार्वजनिक खर्चमा चालु खर्चको अंश बढी हुनु र पूँजीगत खर्च कम त्यसमा पनि खर्च हुन् नसक्नु चिन्ताजनक रहेको छ । वैदेशिक मुद्रा प्राप्त गर्ने र देशको पूँजी निर्माण गर्ने व्यापारको अवस्था पनि दयनिय छ । जसमा आयात करीब १४ खर्व रुपैयाँ बराबर, निर्यात १ दशमलव ७ खर्ब बराबर, व्यापार घाटा करीब १२ खर्ब बराबर रहेको छ । जेन्जी आन्दोलनले शुन्यमा आएको अर्थतन्त्र र परिस्थिती बिच आउने बजेटबाट ठूलो अपेक्षा पनि राख्नु हुँदैन । राजनीतिक नेतृत्व र सरकार सञ्चालकले अर्थतन्त्रको यर्थाथ अवस्था बाहिर ल्याएका छन् । अर्थतन्त्रका केहि सुचकहरुको विश्लेषण गर्दा सन्तोष नै मान्नु पर्ने अवस्था देखिदैन । यसका साथै राजश्व लक्ष्य अनुसार संकलन हुन सकेको छैन भने आम्दानी भन्दा खर्चको अन्तर फराकिलो देखिन्छ । यस्तो अर्थतन्त्र विच आउन लागेको बजेट अर्थतन्त्र सुधार,आम्दानीका थप स्रोतहरुको खोजीमा आउनु पर्ने अनिवार्यता देखिन्छ ।

**बजेट निर्माणमा ध्यानदिनु पर्ने पक्षहरु :**

-तीन तहका सरकारबिच समन्वय र सहकार्य गरेर बजेटमा कार्यक्रमहरु समावेश गर्नु पर्ने ।
-प्राकृतिक स्रोत र साधनको प्रयोगका लागि प्याकेजमै कार्यक्रम घोषणा गर्नु पर्ने ।
-औद्योगिकरणका लागि विशेष कार्यक्रम राख्नुपर्ने ।
-रोजगारीका अवसरहरु थप्नु पर्ने ।
-हरेक नागरिकलाई शुद्ध पिउने पानीको व्यवस्थाको ज्ञारेन्टी गर्नु पर्ने ।
-बढ्दो आयातको अंश घटाउने कार्यक्रम ल्याउनु पर्ने ।
-आत्मनिर्भर अर्थतन्त्र निमार्णमा केन्द्रीत हुनुपर्ने ।
-विकासको गुणस्तरको मूल्याकंन र अनुगमनमा विशेष ध्यान दिनुपर्ने ।
-कागजी झनझटिलो प्रक्रियाको अन्त्यमा ध्यान दिनुपर्ने ।
-मूल्यस्तर र मुद्रास्फिती बढ्ने कुरामा ध्यान दिनुपर्ने ।
-देशको धरातलमा केन्द्रीत रहेर ल्याउनुपर्ने ।
-वैदेशीक ऋण, अनुदानको अशं बढी हुन नहुने ।
-आधारभुत आवश्यकता र आधारभुत पूर्वाधार निमार्णमा जोड ।
-बजेटमा उल्लेख भएका उद्देश्य ,लक्ष्य प्राप्तिमा केन्द्रीत हुनुपर्ने ।
-जनआकाक्षा र जनभावनामा केन्द्रीत हुनुपर्ने ।
-काम अनुसारको भुक्तानी पाउने कुराको ज्ञारेन्टी हुनुपर्ने ।
-आधारभुत आवश्यकताका वस्तुहरुमा करको दर घटेर आउनुपर्ने ।
-विकास बजेटमा नागरिक अनुगमनको व्यवस्था थपिनु पर्ने ।
-समानुपातिक र आवश्यकताका आधार मा बजेट बाँडफाड हुनुपर्ने ।

**निष्कर्ष :** सस्तो लोकप्रियतालाई बढावा दिने गरि विगतमा ल्याईने बजेटले अर्थतन्त्र दिर्घकालिन रुपमै समस्या ग्रस्त बन्दै गएको छ । योजना विद्व,विज्ञ,अर्थशास्त्री र जनतासँग सल्लाह र सुझाव लिने तर बजेट निमार्णमा लत्याउने प्रवृत्तिले यो पटक निरन्तरता पाउनु हुँदैन । अर्थतन्त्रको अवस्थालाई ध्यान नै नदिइ बजेटमा योजना तथा कार्यक्रम थप्दै र बजेटको आकार बढाउँदै लैजाने काम अब नगरौ । दिगो विकासको पक्षलाई आत्मसाथ गर्दै यो पटकको बजेट आउनु पर्दछ । आवश्यकता र पहिचानका आधारमा कार्यक्रम तय गरिएको हुनुपर्दछ । यस भन्दा बढी जनताको जीवनस्तर आर्थिक वृद्धि,रोजगारी सिर्जना, प्राकृतिक स्रोत साधनको प्रयोगमा जोड दिदै आम जनताको दैनिकी सहज हुने गरि आउनु पर्दछ । विज्ञ अर्थमन्त्रीले ल्याउने यो बर्षको बजेट देशको माटो सुहाँउदो आउने कुरामा आशा गरौ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : जिम्मेवारी पूरा गर्न मन लाग्नेछ। कामको सुधारले ठूलो राहत दिने छ । | **तुला** : भीडभन्दा एकान्त प्रिय लाग्न सक्छ। मनले शान्त समय खोज्नेछ। |
| **वृष** : सिर्जनात्मक सोचले ऊर्जा दिनेछ। रमाइलो वातावरणले थकान कम गर्नेछ। | **वृश्चिक** : नयाँ सोच जन्मिन सक्छ । सोचिरहेको विषयमा स्पष्टता आउन सक्छ। |
| **मिथुन** : पुरानो कुराले भावुक बन्न सकिनेछ। शान्त बोलीले सहजता ल्याउनेछ। | **धनु** : कामको क्षेत्रमा सक्रियता बढ्नेछ। जिम्मेवारी पूरा गर्दा आत्मसन्तुष्टि मिल्नेछ। |
| **कर्कट** : जिज्ञासा धेरै बढ्नेछ। छोटो दूरीको यात्रा उपयोगी बन्ने संकेत छ। | **मकर** : यात्रासम्बन्धी सोच बलियो बन्ने छ। सकारात्मक वातावरणले ऊर्जा थप्नेछ। |
| **सिंह** : क्षमता प्रमाणित गर्ने समय छ। मेहनतअनुसार प्रतिफल पाइने संकेत छ। | **कुम्भ** : शरीरलाई थकान महसुस हुन सक्छ। धैर्य राख्दा परिस्थिति सहज बन्नेछ। |
| **कन्या** : रोकिएको योजना अघि बढ्ने छ। आत्मविश्वासले दिन सहज बनाउनेछ। | **मीन** : यवहारलाई नजिकबाट बुझ्न सकिनेछ। सम्बन्धमा स्पष्टता आउने छ। |

# शिक्षा

## उच्चशिक्षामा कृत्रिम बौद्धिकता विवेकशील प्रयोगमा जोड



सार्क देशका विज्ञहरूले कृत्रिम बौद्धिकतालाई मानव सेवामा लगाउन यसको विवेकशील प्रयोगमा जोड दिएका छन् । राज्यले जतिसक्दो छिटो नीति बनाएर यसको दुरुपयोग रोक्नुपर्ने विज्ञको धारणा छ । त्रिभुवन विश्वविद्यालयको आयोजना र एसियाली विकास बैङ्क तथा संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) को आर्थिक सहयोगमा बुधबारदेखि राजधानीमा सुरु भएको 'उच्चशिक्षामा जिम्मेवार र नवप्रवर्तनात्मक कृत्रिम बौद्धिकताको नक्साङ्कन' सम्बन्धी बहसमा विज्ञहरूले यस्तो बताएका हुन् । कार्यक्रममा नेपालका साथै चीन, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, माल्दिभ्स, भूटानलगायत देशका प्रतिष्ठित विश्वविद्यालयका उपकुलपति, प्राध्यापक तथा अनुसन्धानकर्ताहरूको उपस्थिति रहेको छ । कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा सुशीलबहादुर बज्राचार्यले कृत्रिम बौद्धिकताको सचेत प्रयोग गरी उच्चशिक्षालाई थप गुणस्तरीय, प्रभावकारी तथा विश्वपरिवेश अनुरूपको बनाउनुपर्नेमा जोड दिए । उनले कृत्रिम बौद्धिकताको प्रयोगबारे प्राध्यापक र विद्यार्थीलाई दक्ष बनाई संस्थागत विकासमा केन्द्रित गर्नुपर्ने, अनुसन्धान दक्षता अभिवृद्धि गर्नुपर्ने र नीतिगत रूपमा सरकारले कृत्रिम बौद्धिकताको प्रयोगलाई सहज बनाउने नीति तथा कानुन निर्माण गर्नुपर्ने धारणा व्यक्त गरे । नेपालका लागि चीनका राजदूत छाङ म्याओमिङले कृत्रिम बौद्धिकताको विकासले मानवीय चिन्तन प्रणालीमा व्यापक परिवर्तन ल्याएको धारणा व्यक्त गर्दै कृत्रिम बौद्धिकताको दिगो प्रयोग र सम्भावित चुनौतीको सामना गर्न चीन सरकारले अनुसन्धानमा लगानी बढाएको बताए । उनले उच्चशिक्षामा कृत्रिम बौद्धिकताले अवधारणात्मक परिवर्तन ल्याएको उल्लेख गर्दै सबै मुलुकहरूले आपसी सहयोग र सहकार्यमार्फत प्रविधिको सकारात्मक र मानवउपयोगी प्रयोगमा जोड दिनुपर्ने धारणा राखे । कार्यक्रममा 'अनलाइन' शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय संस्था नेपालको प्रारम्भ गरिएको छ । उक्त निकाय प्रारम्भ गर्ने सहमति पत्रमा निमित्त शिक्षाध्यक्ष प्राडा शङ्करप्रसाद खनाल र बी सियाओहान, युनेस्को उपनिर्देशकबीच हस्ताक्षर भएको थियो । *-रातोपाटी डटकम*

## शिक्षक दरबन्दी मिलानदेखि विद्यालय व्यवस्थापनसम्म नयाँ नीति




काठमाडौं महानगरपालिकाले नगर क्षेत्रभित्रको विद्यालय शिक्षालाई व्यवस्थित र पारदर्शी बनाउन शिक्षक दरबन्दी मिलान, छात्रवृत्ति वितरण र विद्यालय व्यवस्थापन समिति गठनमा नयाँ नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याएको छ । महानगरपालिकाको शिक्षा विभागका प्रमुख नमराज ढकालले हालैका निर्णय र भावी योजनाबारे जानकारी दिँदै शिक्षा क्षेत्रमा सुधारका विभिन्न पहलहरू सुरु भएको बताए । महानगरले हालसम्म दुई चरणमा गरी करिव एक सय जना शिक्षकको दरबन्दी मिलान गरिसकेको छ । पहिलो र दोस्रो चरणमा शिक्षकहरूको चाहना र विद्यालयको आवश्यकतालाई प्राथमिकता दिइएकोमा अब तेस्रो चरणमा पूर्णत: आवश्यकताका आधारमा शिक्षक खटाउने तयारी गरिएको छ । यस्तै, निजी वा आन्तरिक स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापन सम्बन्धित विद्यालयले नै गर्नुपर्ने र आन्तरिक स्रोत उपलब्ध भए कार्यविधि बनाएर उपदान वा क्षतिपूर्तिको व्यवस्था गर्न सकिने विभागले जनाएको छ । स्रोत नभएका विद्यालयको हकमा शिक्षा विभागमा सिफारिस गरेपछि आवश्यक निर्णय लिइने बताइएको छ । 'केही नेपाल ऐन संशोधन अध्यादेश २०८३' मार्फत शिक्षा ऐनमा भएको परिवर्तनसँगै विद्यालय व्यवस्थापन समितिको संरचनामा पनि हेरफेर हुने भएको छ । यसअघि चन्दादाता वा बुद्धिजीवीमध्येबाट अध्यक्ष चयन हुने व्यवस्था संघीय कानुनसँग बाझिएर अदालतबाट खारेज भइसकेकाले अबदेखि उक्त प्रावधान हटाइएको छ । अब ४ जना अभिभावक, २ जना समाजसेवी/बुद्धिजीवी र १ जना वडा प्रतिनिधिको प्रतिनिधित्व रहने व्यवस्था छ । हाल बहाल रहेका समितिहरूको हकमा कानुनी परामर्श गरी छिट्टै थप निर्णय लिइने प्रमुख ढकालले स्पष्ट पारे । कक्षा १ देखि १० सम्मका विद्यार्थीका लागि प्रदान गरिने छात्रवृत्तिको छनोट प्रक्रियालाई थप पारदर्शी र उत्तरदायी बनाउन 'छात्रवृत्ति छनोट समिति' गठन गरिएको छ । वडाध्यक्ष वा उनले तोकेको सदस्य संयोजक रहने यस समितिमा विद्यालयका प्रधानाध्यापक, विद्यालय निरीक्षक र एक जना अभिभावक सदस्य रहनेछन् । महानगरले विद्यार्थी संख्याका आधारमा छात्रवृत्तिको प्रतिशत समेत निर्धारण गरेको छ । ५०० सम्म विद्यार्थी भएका विद्यालयमा १० प्रतिशत, ५०० देखि ८०० सम्म विद्यार्थी भएका विद्यालयमा १२ प्रतिशत र ८०० भन्दा बढी विद्यार्थी भएका विद्यालयमा १५ प्रतिशत रहेको छ । यसपटक छात्रवृत्ति व्यवस्थापनका लागि जेठ महिनाभरको समय सीमा दिइएको र यसको कडाइका साथ अनुगमन गरिने महानगरले जनाएको छ । परीक्षाको गोपनीयता र मर्यादित सञ्चालनका लागि महानगरले कर्मचारी तहबाटै परीक्षा समितिलाई निरन्तरता दिने निर्णय गरेको छ । प्रश्नपत्र निर्माण, छनोट र नतिजा प्रकाशन जस्ता प्राविधिक र संवेदनशील विषय भएकाले यसलाई विज्ञ र कर्मचारीहरूकै नेतृत्वमा राखिएको हो । यद्यपि, शिक्षा समितिले यसको अनुगमन र आवश्यक सुधारको अधिकार राख्ने बताइएको छ । सरकारले कार्यान्वयनमा ल्याएको आईतवारको सार्वजनिक बिदाका सम्बन्धमा महानगरले हाललाई सरकारी निर्णयकै पालना गरिरहेको छ । उनका अनुसार आइतबार विद्यालय खोल्ने वा नखोल्ने विषयमा छिमेकी पालिकाहरू र सरोकारवालासँग छलफल भइरहेको छ । बिदाका कारण हुने शैक्षिक क्षतिलाई हिउँदे वा बर्खे बिदाबाट कटौती गर्ने तथा त्रैमासिक परीक्षाहरूलाई आन्तरिक मूल्याङ्गनमा सिमित गरी समय व्यवस्थापन गर्ने विषयमा बहस भइरहेको र छिट्टै निष्कर्षमा पुगिने ढकालको भनाइ छ । *-अनलाइनखबर डटकम*

## कस्तो हुनुपर्छ अब त्रिभुवन विश्वविद्यालयको नेतृत्व ?



त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा पुरानो तथा ठूलो विश्वविद्यालय हो । यसले नेपालको उच्च शिक्षा, मानव संसाधन उत्पादन तथा राष्ट्रिय विकासमा ऐतिहासिक योगदान पुऱ्याएको छ । तर वर्तमान समयमा विश्वविद्यालयले शैक्षिक गुणस्तर, परीक्षा प्रणाली, प्रशासनिक ढिलासुस्ती, राजनीतिक हस्तक्षेप, कमजोर अनुसन्धान तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा जस्ता गम्भीर चुनौतीहरूको सामना गरिरहेको छ । यस्ता समस्याहरू समाधान गर्न सक्षम, दूरदर्शी, प्रेरणादायी तथा ओजस्वी नेतृत्व आजको प्रमुख आवश्यकता बनेको छ । त्रिभुवन विश्वविद्यालयको ओजस्वी नेतृत्वको व्यक्तित्व, दृष्टिकोण, आत्मविश्वास, इमानरिता, प्रेरणा तथा प्रभावकारी निर्णय क्षमताद्वारा विश्वविद्यालयको गुणस्तर, परिवर्तन र सुधार गर्न सकिन्छ । विश्वविद्यालयले दक्ष, योग्य र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्छ। यसले समाजका समस्या समाधान गर्न वैज्ञानिक तथा बौद्धिक अध्ययन गर्छ। साथै राष्ट्रका लागि दक्ष जनशक्ति उत्पादन गर्नु, नयाँ ज्ञान, सिद्धान्त र प्रविधिको खोज तथा विकास गर्न अनुसन्धान गरी ज्ञानको विकास गर्नु हो । विद्यार्थीको बौद्धिक, नैतिक, सामाजिक तथा नेतृत्व क्षमता विकास गरी जिम्मेवार नागरिक बनाउनु विश्वविद्यालयको लक्ष्य हो। लोकतान्त्रिक र वैज्ञानिक चेतना विकास गर्न स्वतन्त्र विचार, आलोचनात्मक चेतना, सहिष्णुता र वैज्ञानिक दृष्टिकोण विकास गराई लोकतान्त्रिक समाज निर्माणमा सहयोग गर्नु विश्वविद्यालयको उद्देश्य हो । विश्वविद्यालय केवल डिग्री दिने संस्था मात्र नभई राष्ट्र निर्माण गर्ने बौद्धिक केन्द्र पनि हो । विश्वविद्यालयले समाजका आवश्यकता अनुसार नीति, अनुसन्धान र जनचेतनामार्फत राष्ट्रिय विकासमा योगदान पुऱ्याउँछ। आधुनिक समाजमा विश्वविद्यालयलाई देशको बौद्धिक मेरूदण्डका रूपमा हेरिन्छ । संसारका प्राचीन तथा प्रसिद्ध विश्वविद्यालयहरूमा तक्षशिला विश्वविद्यालय र नालन्दा विश्वविद्यालय मानिन्छन्। यी विश्वविद्यालयहरूले प्राचीन समयमा शिक्षा, दर्शन, राजनीति, चिकित्सा तथा अनुसन्धानको केन्द्रका रूपमा ठूलो योगदान दिएका थिए । तक्षशिला हालको पाकिस्तानको गन्धार क्षेत्रमा थियो । यसको स्थापना करिब ईसा पूर्व ७०० वर्षतिर भएको मानिन्छ । तक्षशिला र नालन्दा विश्वविद्यालयहरूले प्राचीन एशियाली सभ्यता तथा विश्व शिक्षाको विकासमा ऐतिहासिक योगदान दिएका थिए । यी विश्वविद्यालयहरू केवल शिक्षा केन्द्र मात्र नभई ज्ञान, अनुसन्धान र सभ्यताको प्रतीकका रूपमा चिनिन्छन् । अक्सफोर्ड विश्वविद्यालय बेलायतमा अवस्थित छ । यसको स्थापना करिब १०९६ तिर भएको मानिन्छ । यहाँ राजनीति, दर्शन, विज्ञान, साहित्य, कानुन, चिकित्सा आदि विषयमा उच्च शिक्षा प्रदान गरिन्छ । धेरै नोबेल पुरस्कार विजेता, प्रधानमन्त्री तथा विश्वप्रसिद्ध विद्वानहरू यहाँबाट अध्ययन गरेका छन् । हार्वर्ड विश्वविद्यालय अमेरिकाको म्यासाचुसेट्स राज्यको क्याम्ब्रिज सहरमा अवस्थित छ । यसको स्थापना १६३६ मा भएको थियो, र यो अमेरिकाको सबैभन्दा पुरानो विश्वविद्यालय मानिन्छ । हार्वर्ड विश्वस्तरीय अनुसन्धान, व्यवस्थापन, कानुन, चिकित्सा र राजनीतिशास्त्रका लागि प्रसिद्ध छ । अक्सफोर्ड र हार्वर्ड विश्वविद्यालय आधुनिक विश्वका ज्ञान, अनुसन्धान र नेतृत्व विकासका प्रतीक मानिन्छन् । प्राचीनकालमा तक्षशिला र नालन्दा जस्तै, आजका समयमा यी विश्वविद्यालयहरूले शिक्षामा महत्वपूर्ण योगदान गरिरहेका छन् ।

**त्रिभुवन विश्वविद्यालयको उद्देश्य**

त्रिभुवन विश्वविद्यालय ऐन १९९३ अनुसार, विश्वविद्यालयको प्रमुख उद्देश्यहरू नेपालको समग्र विकासका लागि आवश्यक पर्ने सक्षम मानव संसाधन तयार गर्ने हो । विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने हो । बहुआयामिक क्षेत्रमा अनुसन्धान गर्ने हो । राष्ट्रिय संस्कृति र परम्पराको संरक्षण र विकास गर्ने, कला, विज्ञान, प्रविधि र पेशागत क्षेत्रहरूमा व्यापक, अनुभवजन्य र समयसापेक्ष अनुसन्धान गर्ने हो । ज्ञान सिर्जनामा संकाय सदस्यहरू र विद्यार्थीहरूलाई संलग्न गराउने हो ।

**ऐतिहासिक सिंहावलोकन**

त्रिभुवन विश्वविद्यालय गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्य राखी १९५९ मा स्थापित भएको थियो । यो नेपालको पहिलो विश्वविद्यालय हो, जसको उद्देश्य ज्ञानको प्रचार र सिर्जना गर्नु, अनुसन्धानमा जोड दिनु र नेपाली सम्पदाको सुदृढीकरण गर्नु हो । विश्वविद्यालयले युवाहरूलाई अत्याधुनिक ज्ञान र समकालीन समाजको अपेक्षा तथा आवश्यकताहरू पूरा गर्न आवश्यक अन्तर्दृष्टि प्रदान गर्ने जिम्मेवारी वहन गरेको छ । विश्वविद्यालयले समयसँगै पाँच संस्थानहरू, चार संकायहरू, ४० केन्द्रीय विभागहरू, चार अनुसन्धान केन्द्रहरू, ६२ आंगिक क्याम्पसहरू र ३,००,००० भन्दा बढी विद्यार्थीहरू सहित १०८५ सम्बद्ध कलेजहरू समेटेर विशाल आकार लिएको छ । यसको सञ्चालनको लगभग ६ दशकमा विश्वविद्यालयले देशको उच्च शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ र यसको भूमिका निरन्तर विस्तार हुँदै गइरहेको छ । विश्वविद्यालय आफ्नै त्रिवि ऐन अन्तर्गत सञ्चालन भइरहेको छ । राज्य व्यवस्था अनुसार सन् २००६ सम्म तत्कालीन राजा यसको कुलपति हुने व्यवस्था थियो । नेपाल संघीय गणतन्त्रको रूपमा घोषणा भएपछि प्रधानमन्त्री र शिक्षामन्त्रीले क्रमश: विश्वविद्यालयको कुलपति र सहकुलपति हुने व्यवस्था गरिएको छ । कार्यकारी अधिकारको प्रयोग उपकुलपति, रेक्टर र रजिस्ट्रारहरूले गर्ने व्यवस्था गरिएको छ । विश्वविद्यालयलाई स्थापनाकालदेखि नै स्वायत्त विश्वविद्यालयको रूपमा स्थापित गरिएको हो । यो सरकारी विश्वविद्यालय हो। यस विश्वविद्यालयमा सबै नेपाली नागरिकहरू र विश्वका युवाहरूले पनि अध्ययन गर्न पाउने व्यवस्था छ । त्रिभुवन विश्वविद्यालयको भिजन २०३० त्रिभुवन विश्वविद्यालयलाई गुणस्तरीय, अनुसन्धानमुखी, प्रविधिमैत्री र अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी विश्वविद्यालय बनाउने दीर्घकालीन योजना भिजन सन् २०३० रहेको छ । यो विश्वविद्यालयको दीर्घकालीन रणनीतिक योजना हो, जसले विश्वविद्यालयलाई आधुनिक, अनुसन्धानमुखी, गुणस्तरीय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने लक्ष्य राखेको छ । यस योजनाले शैक्षिक सुधार, डिजिटल प्रविधि, अनुसन्धान विस्तार, विश्वविद्यालय पुनर्संरचना तथा विश्वस्तरमा सुधारलाई मुख्य प्राथमिकता दिएको छ ।

**शैक्षिक गुणस्तर सुधार**

सबै विश्वविद्यालयको प्रथम उद्देश्य उच्चस्तरको जनशक्ति उत्पादन गर्ने हो। उच्चस्तरको जनशक्ति उत्पादन गर्न शैक्षिक गुणस्तरयुक्त तथा अन्तर्राष्ट्रिय स्तरको शिक्षा आवश्यक छ । एक्काइसौं शताब्दी विज्ञान र प्रविधिको शताब्दी हो । यस शताब्दीमा विश्वव्यापी रूपमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्नु आवश्यक छ । त्रिभुवन विश्वविद्यालयको इतिहास त्यति लामो नभए पनि वर्तमान अवस्थामा अक्सफोर्ड र हार्वर्ड विश्वविद्यालय जस्तै उच्चस्तरको जनशक्ति उत्पादन गर्ने उद्देश्य राख्न सक्नुपर्छ । यस विश्वविद्यालयमा अध्ययन गरी विश्वका उच्चस्तरका विश्वविद्यालयहरूमा अध्ययन गरेका नेपाली युवाहरूले उत्कृष्टता हासिल गरेर सेवा प्रवाह गरेका छन् । त्रिभुवन विश्वविद्यालयमा स्नातकदेखि विद्यावारिधिसम्मका कार्यक्रम सञ्चालन भएका छन् । नेपालका अधिकांश सरकारी क्याम्पस यस विश्वविद्यालय अन्तर्गतका हुन्। यस विश्वविद्यालयका चिकित्साशास्त्र, इन्जिनियरिङ, व्यवस्थापन, कानुन, शिक्षा, मानविकी आदि क्षेत्रमा प्रमुख योगदान छ । देशका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक दक्ष जनशक्ति यस विश्वविद्यालयकै उत्पादन हो । नेपालमा खुलेका प्राय: सबै विश्वविद्यालयहरूको नेतृत्वमा पुग्ने उच्चस्तरको जनशक्ति यसै विश्वविद्यालयको उत्पादन हो । यस विश्वविद्यालयबाट उत्पादित प्राविधिक जनशक्ति, चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि आदि क्षेत्रका जनशक्ति विश्वव्यापी रूपमा गुणस्तरीय छन् । अन्य विधामा पाठ्यक्रम पुरानो हुनु, अनुसन्धान कमजोर हुनु तथा व्यावहारिक शिक्षाको कमीका कारण अन्तर्राष्ट्रिय स्तरको गुणस्तर कायम गर्न चुनौती देखिएको छ ।

**मानव संसाधन विकास**

त्रिविले प्राध्यापक, शिक्षक, प्रशासक, चिकित्सक, इन्जिनियर, कानुनविद, राजनीतिज्ञ लगायत दक्ष जनशक्ति उत्पादन गरेको छ । नेपालको प्रशासन र राजनीतिक नेतृत्वमा त्रिविका विद्यार्थीहरूको ठूलो योगदान छ । साथै प्राविधिक क्षेत्रमा विशेषगरी चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि र वनका क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गरी महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

**राजनीतिक हस्तक्षेप**

विश्वविद्यालयमा विद्यार्थी राजनीति तथा दलगत प्रभाव अत्यधिक देखिन्छ । यसले शैक्षिक वातावरण, प्रशासनिक निर्णय तथा गुणस्तरमा नकारात्मक असर पार्ने गरेको छ । *-सेतोपाटी डटकम*

# पाल्पा जेसीजद्वारा 'संसदीय अभ्यास' तालिम



**पाल्पा, जेठ १०/** पाल्पा जेसीजले १८ देखि ४० वर्ष उमेर समूहका युवा-युवतीहरुलाई संसदीय अभ्यास तालिम दिएको छ । युवाहरूमा नेतृत्व विकास, संसदीय प्रक्रिया तथा प्रभावकारी वक्तृत्वकलाको विकास गर्ने उद्देश्यले जेसीजले तालिम गराएको हो ।

तानसेनस्थित शीतल फार्ममा भएको तालिममा विभिन्न क्षेत्रका युवाहरूको उत्साहजनक सहभागिता रहेको थियो । तालिमको नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष जेसी सन्दिप भुसालले उद्घाटन गरेका हुन् । तालिमको उद्घाटन गर्दै उनले लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउन युवाहरूको सक्रिय सहभागिता आवश्यक रहेको बताए । उनले संसदीय अभ्यासले नेतृत्व क्षमता अभिवृद्धि गर्नुका साथै निर्णय प्रक्रियामा सहभागी हुन प्रेरित गर्ने धारणा राखे । मुख्य प्रशिक्षक जेसी निशान्त आचार्यले प्रशिक्षण दिएका थिए । उनले तालिममा सहभागीहरूलाई संसद सञ्चालन प्रक्रिया, प्रस्ताव प्रस्तुति, छलफल विधि, निर्णय प्रक्रिया तथा संसदीय मर्यादाबारे व्यवहारिक अभ्यास गराएका थिए । उनले संसदीय प्रणालीको महत्वबारे जानकारी गराउँदै सहभागीहरूलाई समूहगत अभ्यास समेत गराएका थिए । तालिममा पाल्पा जेसीजले मातृत्व प्रदान गरेका शाखाहरू गुल्मी जेसीज, गुल्मी रेसङ्गा जेसीज, पाल्पा रामपुर जेसीज तथा पाल्पा जेसीजलाई मातृत्व प्रदान गरेको (प्यारेन्ट शाखा) सिद्धार्थ जेसीजका करिब एक सय जना युवाहरूको उत्साहजनक सहभागिता रहेको थियो । कार्यक्रममा पाल्पा जेसीजका पूर्व अध्यक्षहरू शैलेन्द्र भट्टराई, अर्जुन कार्की, अच्युत खनाल र सुनिल बस्याल लगायतले तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न आग्रह गरे । जेसिज पाल्पाका अध्यक्ष जेसी महेश खनालले युवाहरूलाई जिम्मेवार नेतृत्वतर्फ उन्मुख गराउने उद्देश्यले यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए । उनले सहभागीहरूको सक्रियता र उत्साहले कार्यक्रम अझ प्रभावकारी बनेको उल्लेख गरे । अध्यक्ष खनालको अध्यक्षता, कार्यक्रमका संयोजक जेसी सुमन बस्यालको स्वागत, महासचिव जेसी करण चित्रकारको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## पाल्पाका स्थानीय तहको...

...यस्तै पूर्वखोला गाउँपालिकाको १ अर्ब ५ करोड ३० लाख ८८ हजार लेखापरीक्षण गर्दा १ करोड ५१ लाख ३४ हजार अर्थात् १ दशमलव ४४ प्रतिशत, बगनासकाली गाउँपालिकाको १ अर्ब ३७ करोड ४९ लाख लेखापरीक्षण गर्दा १ करोड २६ लाख ६१ हजार ० दशमलव ९२ प्रतिशत, माथागढी गाउँपालिकाको १ अर्ब ४० करोड ६५ लाख ५० हजार लेखापरीक्षण गर्दा ८२ लाख ३८ हजार अर्थात् ० दशमलव ५९ प्रतिशत, रम्भा गाउँपालिकाको १ अर्ब १८ करोड ९९ लाख ७५ हजार लेखापरीक्षण गर्दा ९३ लाख २१ हजार अर्थात् ० दशमलव ७८ प्रतिशत, रिब्दीकोट गाउँपालिकाको १ अर्ब २८ करोड ११ लाख ०५ हजार लेखापरीक्षण गर्दा ५२ लाख ६६ हजार अर्थात् ० दमलव ४१ प्रतिशत बेरुजु देखिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ । यस्तै तानसेन नगरपालिकामा ३ अर्ब १७ करोड ६८ लाख ११ हजार लेखापरीक्षण गर्दा ३ करोड २४ लाख ३६ हजार अर्थात् १ दशमलव ०२ प्रतिशत र रामपुर नगरपालिकामा १ अर्ब ७१ करोड ३७ लाख ४८ हजार लेखापरीक्षण गर्दा १ करोड १६ लाख १० हजार अर्थात् ० दशमलव ६८ प्रतिशत बेरुजु छ । प्रतिवेदनअनुसार जिल्लाका स्थानीय तहमा वित्तीय अनुशासन सुधारिएसँगै अघिल्लो वर्षको तुलनामा बेरुजु घटेको देखिएको हो । स्थानीय तहहरूले सार्वजनिक खर्च, योजना कार्यान्वयन, अनुदान वितरण तथा लेखा व्यवस्थापनमा कमजोरी देखिएका कारण बेरुजु कायम भएको उल्लेख गरिएको छ । कतिपय पालिकामा खर्चको पारदर्शिता, बैंक हिसाब मिलान, अनुदानको प्रभावकारिता मूल्यांकन तथा आर्थिक विवरण अद्यावधिक नगरेको पाइएको छ । महालेखा परीक्षकको कार्यालयले स्थानीय तहलाई आर्थिक अनुशासन कायम गर्न, नियमित अनुगमन गर्न तथा खर्च प्रणालीलाई पारदर्शी बनाउन सुझाव दिएको छ । बेरुजु घट्दो क्रममा रहे पनि वित्तीय सुशासन अझै चुनौतीपूर्ण रहेको प्रतिवेदनमा उल्लेख छ ।

## पाल्पाली होजियरी उद्योगलाई...

...तानसेनको म्यालधारामा उद्योग सञ्चालनमा रहेको छ । २०७९ सालमा १० जना महिला उद्यमीहरुले १०/१० हजार उठाएर सञ्चालनमा ल्याएको उद्योगले ऊनबाट बन्ने कडाइ स्वीटर, मोजा, टोपी, गलबन्दी जस्ता कपडाहरु उत्पादन गर्दै आएको छ । यस अघि हाते तानबाट सामानहरु उत्पादन हुँदै आएको थियो । इलेक्ट्रिक फ्ल्याट मेसिन प्राप्त भएपछि सो मेसिनबाटै काम हुने उद्योगले जनाएको छ । यहाँ उत्पादन हुने सामानहरु पाल्पासहित छिमेकी जिल्ला, गुल्मी, रुपन्देही, स्याङ्जा, अर्घाखाँचीका पठाउने गरिन्छ । मेसिन हस्तान्तरण कार्यक्रममा उद्योगी, व्यवसायी, स्थानीय प्रतिनिधि तथा विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रम पर्यटन विभाग भैरहवाका प्रमुख नेत्र भूषालको अध्यक्षतामा कार्यक्रम भएको थियो । सोही अवसरमा उद्योगले सल्लाहकार विष्णु बराल लगायत अन्य सल्लाहकार समूहलाई सम्मान समेत गरेको थियो ।

### खेलकुद समाचार

## एशियन गेम्स क्रिकेट छनोट खेल्ने टोली घोषणा



**काठमाडौं,** जेठ १०/एशियन गेम्स क्रिकेट छनोट खेल्ने नेपाली टोली घोषणा भएको छ । नेपाल क्रिकेट सै (क्यान) ले दीपेन्द्रसिंह ऐरीको कप्तानीमा १४ सदस्यीय टोली घोषणा गरेको हो ।

८ वटा देश सहभागी छनोट आउँदो आइतवार जेठ १७ गतेदेखि २६ गतेसम्म सिङ्गापुरमा आयोजना हुँदैछ । छनोटमा नेपाल समूह 'ए' मा छ । यो समूहमा नेपालसँगै मलेशिया, कतार र चीन छन् । समूह 'बी' मा आयोजक सिङ्गापुर, ओमान, हङकङ र बहराइन छन् । समूहका शीर्ष दुई टोली एशियन गेम्समा छनोट हुनेछन् । टी-२० फर्म्याटमा हुने एशियन गेम्स क्रिकेट आउँदो सेम्टेम्बर १७ देखि अक्टोबर ३ सम्म जापानमा आयोजना हुनेछ । १० वटा टोली सहभागी हुने प्रतियोगिताका लागि भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, अफगानिस्तान र आयोजक जापान स्वत: छनोट भइसकेका छन् ।

**यस्तो छ नेपाली टोली**

दीपेन्द्रसिंह ऐरी, रोहित पौडेल, कुशल भुर्तेल, आसिफ शेख, सन्दीप जोरा, कुशल मल्ल, लोकेश बम, सोमपाल कामी, सन्दीप लामिछाने, शेर मल्ल, नन्दन यादव, आरिफ शेख, करण केसी र शाहब आलम रहेका छन् ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## तोलामा दुई हजार आठ सयले घट्यो सुनको मूल्य




**पाल्पा,** जेठ १०/हप्ताको पहिलो कारोबार दिन आइतबार सुनको भाउ २ हजार ८०० रुपैयाँले घटेको छ ।

गत शुक्रबार २ लाख ९३ हजार ७०० रुपैयाँ रहेको सुनको भाउ आइतबार २ हजार ८०० रुपैयाँले घटेर तोलाको २ लाख ९० हजार ९०० रुपैयाँमा कारोबार भइरहेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । त्यस्तै आइतबार चाँदीको भाउ पनि घटेको छ । शुक्रबार ६५ रुपैयाँले बढेको चाँदीको भाउ आइतबार १०५ रुपैयाँले घटेर तोलाको ५ हजार १० रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ । अघिल्लो हप्ता चाँदीको भाउ तोलाको ५ हजार ११५ रुपैयाँ थियो ।


वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।

-वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
-वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
-सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
-अनुमती प्राप्त संस्था मार्फत जाँदा वेवसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्वर हेरी अन्तर वार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
-वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा वैङ्किङ प्रणालीको प्रयोग गरौं,
-वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
-भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
-विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
-कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना
-स्वदेशमा पैसा पठाउँदा बैङ्किङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई